नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

# प्रेश विज्ञप्ति

## मा. अर्थमन्त्री डा. वाग्ले र विश्व बैंकका अध्यक्षबीच द्विपक्षीय भेटवार्ता

विश्व बैंक समूह (World Bank Group) का अध्यक्षको निमन्त्रणामा अमेरिकाको वासिङ्टन डी.सी. प्रस्थान गरेको माननीय अर्थमन्त्री डा. स्वर्णिम वाग्ले नेतृत्वको प्रतिनिधिमण्डले महामहिम श्री Ajay Banga सँग आज अक्टोवर ५, २०२६ मा भेटवार्ता गरेको छ।

डा. वाग्लेले बैंकका अध्यक्षसँगको भेटमा हालै रसुवा भोटेकोशी नदीमा आएको बाढीबाट क्षतिग्रस्त भौतिक एवं आर्थिक पूर्वाधारको पुननिर्माण, वृहत आर्थिक सुधार र वीमा एवं सामाजिक संरक्षणका लागि करिब एक अर्व अमेरिकी डलरको स्रोत उपलब्धताको सम्भाव्य परिचालनबारे घनीभूत छलफल गर्नुभयो।

अध्यक्ष बाङ्गाले विपद्बाट पुग्न गएको क्षतिप्रति दुःख व्यक्त गर्दै पुनर्निर्माणमा विश्व बैंकले उल्लेख्य सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो। नीतिगत एवं संस्थागत सुधारका लागि नयाँ सरकारले चालेका कदमको प्रशंसा गर्दै महत्वपूर्ण पूर्वाधारमा लगानी विस्तार र मुलुकभित्रै रोजगारी सिर्जना गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो। उहाँले एशियाली विकास बैंक, अन्तर्राष्ट्रिय वित्त निगम लगायतका विकास साझेदारहरुसँग समन्वय गरेर नेपालको प्राथमिकताका साझा क्षेत्रमा संयुक्त लगानी विस्तार गर्न विश्व बैंकले नवीन पहल गर्ने वताउनुभयो।

विश्व बैंकका अध्यक्ष र नेपालका अर्थमन्त्रीबीच भएको यो प्रत्यक्ष द्विपक्षीय भेटवार्ता विगत तीन दशकको अवधिमा पहिलो रहेको नेपालका लागि विश्व बैंकका राष्ट्रिय निर्देशक डेभिड सिस्लेनले बताएका छन्। भेटघाटमा विश्व बैंकका उपाध्यक्षद्वय जहानस जट र जुनेद अहमद लगायतका उच्च पदस्थ अधिकारीहरुको सहभागिता थियो।

अमृत लम्साल
(सहसचिव/प्रवक्ता)